का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ चैत २०८०,
शनिबार
6 April 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ५३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



शुक्लाफाँट राष्ट्रिय निकुञ्जका हात्तीलाई स्याउला बोकाएर चरण क्षेत्रमा लैजादै माउते । निकुञ्जमा पालिका हात्तीलाई पर्यटक घुमाउने, वन्यजन्तुको अनुगमन गर्ने र आन्तरिक पर्यटकका लागि प्रयोग गरिदै आएको छ । तस्वीरः राजेन्द्रप्रसाद पनेरु, रासस

## प्रतिष्ठा बन्यो उपनिर्वाचन

पहिचान पक्षधर समूहरु कोशी प्रदेशको नामाकरणको विषयलाई इलाम-२ को उपचुनावसँग जोडिरहेका छन् । कांग्रेसले वामपन्थी किल्ला भत्काउन चाहेको छ भने एमाले जोगाउन प्रयासरत छ । यहीबेला रास्वपाको शीर्ष टिम नै चुनावी मैदानमा उत्रिएको देखिन्छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

शनिबार (आज) इलाम-२ मा हुने प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनका लागि उम्मेदवारी दर्ता हुँदैछ । बझाङ-१ मा सुदूरपश्चिम प्रदेश सभा सदस्यका लागि हुने उपनिर्वाचनका लागि उम्मेदवारी दर्ताको समय पनि शनिबार नै छ । तर राजनीतिक दलहरुको ध्यान इलाम २ मा ज्यादा छ ।

पहिचान पक्षधर समूहरु कोशी प्रदेशको नामाकरणको विषयलाई इलाम-२ को उपचुनावसँग जोडिरहेका छन् । पहिचान पक्षधरबाट डकेन्द्रसिंह थेगिम उम्मेदवार चयन भइसकेका छन् ।

नेपाली कांग्रेसले वामपन्थी किल्ला भत्काउन चाहेको छ भने एमाले जोगाउन प्रयासरत छ । यसका लागि कांग्रेसले इलाम-२ मा डम्बर खड्कालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । कांग्रेसका उम्मेदवार खड्का गत निर्वाचनमा एमालेका सुवास नेम्वाङसँग ११४ मतले पराजित भएका थिए । उनी कांग्रेस इलामका सभापति पनि हुन् ।

एमालेका उपाध्यक्ष एवं संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएपछि इलाम २ बाट प्रतिनिधि सभा सदस्यको पद रिक्त भएको थियो । त्यसक्षेत्रमा एमालेले उम्मेदवार नेम्वाङकै कान्छा छोरा सुहाङलाई बनाएको छ । एमालेले अन्य नेताहरुलाई छाडेर सुहाङलाई नै उम्मेदवार बनाउनुको कारण वामपन्थी किल्ला जोगाउन पर्याप्त हो । किनभने यो क्षेत्रमा २०४८ साल देखि नै एमालेका स्वर्गीय नेता सुवासचन्द्र नेम्वाङ निरन्तर निर्वाचित हुँदै आएका थिए ।

यहीबेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को शीर्ष टीम नै चुनावी मैदानमा उत्रिएको देखिन्छ । रास्वपाका सभापति समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने हालै मात्र काठमाडौं फर्किएका छन् । निर्वाचन

पृष्ठ २ मा

## संसदमा प्रभाव बढाउँदै एनजिओ

नीति निर्माण तहमा गैरसरकारी संस्थाको प्रभाव बढिरहेको छ । सरकारले अन्तर्राष्ट्रिय सहयोग संसदले लिन सक्नेगरी बाटो खुलै राखेको छ । तर यस्तो प्रवृत्तिविरुद्ध सांसदहरुले आवाज उठाउन थालेका छन् ।



संसदीय समितिहरु अहिले चल्नको निम्ति एनजिओ खोज्नुपर्ने अवस्था छ । यो अवस्थाबाट मुक्त गरिदिन मरो अनुरोध छ । प्रधानमन्त्रीजी कमसेकम संसद अर्काको भरमा नचलाऔं ।

**गोपाल भट्टराई**
**सांसद, नेकपा एमाले**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

संघीय संसद र संसद अन्तर्गतका संसदीय विषयगत समितिले गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) को सहयोग लिने गरेका छन् । तर यस्तो सहयोगप्रति संसदमा प्रश्न उठ्न थालेका छ ।

नीति निर्माण गर्ने थलोमै गैरसरकारी संस्थाको पहुँच हुन नहुने भनी सांसदहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै ध्यानाकर्षण गरेका छन् ।

बिहीबार राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा प्रधानमन्त्री प्रचण्डसँग सांसदहरुले सरकारी आश्वासनको कार्यान्वयनको विषयमा छलफल गरेका थिए । त्यसक्रममा सांसदहरुले संसदलाई आवश्यक बजेट उपलब्ध गराउने प्रधानमन्त्रीको आश्वासन कार्यान्वयन नभएको बताए ।

नेकपा एमालेका सांसद गोपाल भट्टराईले संसदीय विषयगत समिति चलाउन गैरसरकारी संस्था (एनजिओ) को खोज्नु परेको गुनासो गरे । 'संसदीय समितिहरु अहिले चल्नको निम्ति एनजिओ खोज्नुपर्ने अवस्था छ । यो अवस्थाबाट मुक्त गरिदिन मैले अनुरोध गरेँ' उनले थपे, 'कमसेकम संसद अर्काको भरमा चल्न हुँदैन । यसको निम्ति संसदले मागेको बजेट दिन प्रधानमन्त्रीजीलाई आग्रह गर्दछु ।'

नेकपा एकीकृत समाजवादीकी सांसद मदन कुमारी शाह (गरिमा)ले पनि संसदका लागि जनशक्ति र बजेट अप्रयाप्त रहेको बताइन् । 'यो संसदीय समिति नेपालको मुटु हो । यहाँ जनशक्तिको अभाव मैले व्यक्तिगत रुपमा पनि धेरै देखेको छु । यसतर्फ सम्माननीय प्रधानमन्त्रीज्युको ध्यानाकर्षण गराएँ' उनले भनिन् । बजेट अभावमा गर्नैपर्ने कामका लागि समेत बजेट अभाव रहेको उनले बताइन् । सांसद शाहले थपिन्, 'समितिको

पृष्ठ २ मा

## सुनसरीमा अनिश्चितकालीन कर्फ्यू

दुई समूहको झडपले लिएको उग्रतापछि सुनसरीमा तनाव उत्पन्न भएको हो । झडपपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले हरिनगर र देवानगञ्जमा अनिश्चितकालीन कर्फ्यू जारी गरेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

सुनसरीमा अनिश्चितकालीन कर्फ्यू लागेको छ। दुई समुहको झडपले लिएको उग्रतापछि सुनसरीमा तनाव उत्पन्न भएको हो। झडपपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले इनरुवा नगरपालिका क्षेत्र, हरिनगर गाउँपालिका क्षेत्र, देवानगंज गाउँपालिका क्षेत्रका अलावा भोक्राहा नरसिंह गाउँपालिका र कोशी गाउँपालिकामा कर्फ्यू लगाएको छ । यसअघि यी क्षेत्रमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो । निषेधाज्ञाले स्थिति नियन्त्रणमा नआएको भन्दै निषेधाज्ञा लगाएको केही घण्टा नबित्दै कर्फ्यू लगाइएको हो ।

जिल्ला प्रशासन कार्यालय सुनसरीले स्थानीय प्रशासन ऐन २०२८ बमोजिम शनिवार साँझ ५ बजेदेखि लागू हुने गरी अर्को सूचना जारी हुँदासम्म अनिश्चितकालीन कर्फ्यू लगाएको हो ।

कायममुकायम प्रमुख जिल्ला अधिकारी बेदराज फुयाँलका अनुसार कर्फ्यू आदेशमा अत्यावश्यक काममा सुरक्षा निकायको समन्वयमा बाहेक आवतजावत गर्न, भेला हुन, सामूहिक रूपमा गरिने सामाजिक, धार्मिक, राजनीतिक सभा ऱ्याली भेला तथा प्रदर्शन कुनै पनि कार्य नगर्न नगराउन भनिएको छ ।

इनरुवा नगरपालिका क्षेत्र, हरिनगर गाउँपालिका क्षेत्र, देवानगंज गाउँपालिका क्षेत्रका अलावा भोक्राहा नरसिंह गाउँपालिका र कोशी गाउँपालिकामा समेत कर्फ्यू जारी भएको कायममुकायम प्रमुख जिल्ला अधिकारी बेदराज फुयाँलले जानकारी दिए ।

शनिवार प्रदर्शनका क्रममा प्रहरीले गोली समेत चलाएको थियो । प्रहरीको गोली लागेर दुई जना प्रदर्शनकारी घाइते भएका छन् ।

प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुडा प्रहार गरेपछि प्रहरीले गोली चलाएको बताइएको छ । त्यसक्रममा १६ जना प्रहरी र ७ जना प्रदर्शनकारी घाइते भएको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ । जिल्ला प्रशासन कार्यालय सुनसरी

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## रुसी सेनामा ६ सय २० जना नेपाली

उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले रुसी सेनामा रहेका नेपालीलाई उद्धार गर्न अन्तरदेशीय समन्वय प्रभावकारी नहुँदा जटिलता देखिएको बताएका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले रुसी सेनामा रहेका नेपालीलाई उद्धार गर्न अन्तरदेशीय समन्वय प्रभावकारी नहुँदा जटिलता देखिएको बताएका छन् । विभिन्न कारणले रुसी सेनामा भर्ना भइ जीवन जोखिममा पारेका नेपालीको 'जीवन रक्षा अभियान'ले शुक्रबार गृहमन्त्री लामिछानेलाई भेटेर रुसी सेनामा रहेका नेपाली युवाहरुको जीवन रक्षा गरिदिन माग गरेको हो ।

जवाफमा गृहमन्त्री लामिछानेले रुसी सेनामा रहेका नेपाली युवाहरुको समस्याबारे प्रधानमन्त्रीसँग पनि तत्काल समन्वय गरी समस्या समाधानका लागि छलफल गर्ने बताए । गृहमन्त्री लामिछानेले रुसी सेनामा पठाउन रकम असूली गर्नेलाई पनि कानूनी दायरामा ल्याउने आश्वासन दिए ।

अभियानले गृहमन्त्री लामिछानेलाई रुसी सेनामा भएका ६ सय २० जना नेपालीको विवरण हस्तान्तरण गरेको छ । त्यसमध्ये ३९ जनाले रुस-युक्रेन सिमानामा ज्यान गुमाएको अभियानको दाबी छ ।

अभियानले सामाजिक सञ्जालमार्फत रुसी सेनामा आवद्ध ४ सय २० जना नेपाली दैनिक सम्पर्कमा रहेको र उनीहरुले प्रत्येक दिन युद्धस्थलबाट श्रव्यदृश्य सामग्रीमार्फत जानकारी पठाउने गरेको बताएको छ ।

अभियानले रुसले नेपाली युवाहरुलाई भाडाका सिपाहीका रुपमा भर्ती गरेपछि सिर्जना भएको समस्याका सम्बन्धमा सरकार, राजनीतिक दल, गैरसरकारी संस्था र सम्पूर्ण नेपालीको चिन्ता र सरोकारको विषय बन्नुपर्ने माग गरेको छ ।

परराष्ट्र मन्त्रालयले भने रुसी सेनामा भर्ती भएका १८ जनाको मृत्यु भएको पुष्टि गरेको छ। रुसी सेनामा रहेका युवाका परिवारले हालपनि नेपालीलाई अवैधानिकरुपमा रुस पठाउने गरेको र बिचौलियाहरुले रुस युक्रेन युद्धमा फसेका युवालाई उद्धार गरिदिन्छु भन्दै रकम मोलमलाइ गरेर शोषण गर्ने गरेको भन्दै अभियानले बिचौलियाहरुलाई कारबाही गर्न गृहमन्त्रीसमक्ष माग गरेको छ ।

### माल्टा र क्यानडा पठाउने भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि माल्टा र क्यानडा पठाइदिने प्रलोभन दिएर २० लाख रुपैयाँभन्दा बढी ठगी गरेको उजुरीका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । अर्जुन प्रसाद ढकालसमेत दुई जनालाई माल्टा पठाइदिने भन्दै १३ लाख ४४ हजार ४ सय रुपैयाँ ठगी गरेको उजुरीका आधारमा प्रहरीले पाँचथर तुम्बेवा गाउँपालिका वडा नं. १ घर भइ हाल ललितपुर महानगरपालिका वडा नं. १३ कुसुन्ती बस्ने हर्क बहादुर दाहाललाई पक्राउ गरेको हो । दाहालले माल्टालगायत युरोपका विभिन्न देशमा पठाइदिन्छु भन्दै आकर्षक तलबको प्रलोभन देखाएर ठगी गर्ने गरेको प्रहरी भनाइ छ ।

यस्तै प्रहरीले दिनेश लोहारसमेत ३ जनालाई क्यानाडा पठाइदिन्छु भनि ७ लाख रुपैयाँ ठगी गरेको उजुरीका आधारमा सुनसरीको बराक्षेत्र नगरपालिका वडा नं. १० घर भइ हाल काठमाडौं महानगरपालिका वडा नं. ३१ नयाँ

पृष्ठ २ मा

Jumeirah MESSILAH BEACH HOTEL & SPA STAY DIFFERENT

FREE VISA ! FREE TICKETS !!

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: JUMEIRAH MESSILAH BEACH HOTELS AND SPA कम्पनी: Kuwait

Pre approval date :2024/04/05 Chalani No. :60217980 LT. No.: 303143

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Attendant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chefs | 20 | 20 | | 180 | ७७,९६७ | | | | | | | |
| 3. | Housekeeping Attendant | 10 | 10 | | 120 | ५१,९७८ | | | | | | | |
| 4. | Receptionist | 5 | 5 | | 180 | ७७,९६७ | | | | | | | |
| 5. | Security Guard | 10 | 10 | | 150 | ६४,९७३ | | | | | | | |
| 6. | Spa Attendant | 10 | 10 | | 120 | ५१,९७८ | | | | | | | |
| 7. | Steward | 10 | 0 | | 120 | ५१,९७८ | | | | | | | |
| 8. | Technician | 5 | 0 | | 180 | ७७,९६७ | | | | | | | |
| 9. | Therapist | 1 | 1 | | 250 | १०८,२८८ | | | | | | | |
| 10. | Waiter/ess | 10 | 10 | | 120 | ५१,९७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

LINK INTERNATIONAL
PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015

Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978, 9818750078, 9855081120, 9818168234
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

BRANCH OFFICE'S:

Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595
Birtamod : 023-532754 | 9807981913, Butwal: 071591321 | 9846753073, Janakpur: 9807806454 | 9851128051

मध्यान्ह
www.madhyanhadaily.com

२४ चैत २०८०, शनिबार
6 April 2024, Saturday

# गरुडामा मापदण्डविपरीतका निजी अस्पतालहरु सञ्चालनमा, भएन कारबाही

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ चैत




रौतहटको मध्यभागमा रहेको गरुडा नगरपालिकाको विभिन्न वडामा करिब एक दर्जन बढी अस्पतालहरु मापदण्डविपरीत सञ्चालन भइरहेका छन् । तर कारबाही गर्ने सम्बन्धित निकाय मुकदर्शक बनेपछि मापदण्डविपरीत सञ्चालित निजी अस्पताललाई कारबाही कसले गर्ला ? भने प्रश्न उठेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागले पूर्वाधारलगायत विभिन्न स्वास्थ्यसम्बन्धी कार्यहरु पूरा गरेमात्रै निजी अस्पताललाई सञ्चालन गर्न अनुमति दिन परिपत्र गरेपनि गरुडा नगरपालिकाभित्र आनन्द हस्पिटल प्रा.लि.सहितका करिब एक दर्जन हस्पिटल गैरकानूनीरुपमा सञ्चालनमा रहँदा समेत सम्बध निकायबाट कारबाही नहुनु दुःखद भएको स्थानीयहरुले गुनासो गरेका छन् ।

स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड अनुसार भौतिक पूर्वाधारसहितको वेल इक्युप्मेन्ट, दक्ष जनशक्ति भएपछि मात्रै निजी अस्पताल सञ्चालनका लागि इजाजत दिइने गरिन्छ । त्यति मात्रै नभइ वर्षभरिको मूल्यांकन फारमको आधारमा नवीकरण गर्ने स्पष्ट प्रावधान रहेको भएपनि बिना इजाजत, इजाजत लिएपनि वर्षौंदेखि नवीकरण नगराएको, बेड राख्ने अनुमति नलिइ बेड राखेको, बेड राख्न अनुमति लिएपनि त्यसभन्दा धेरै बेड राखेर उपचारको आडमा गरिब असहाय बिरामीहरुसँग अनावश्यकरुपमा रकम असुल्दै आएका छन् ।

आनन्द पोलिक्लीनिक अकुपञ्चर शिवनगर, गरुडा सिटी हस्पिटल, रौतहट कान्तिबाल मेमोरियल हस्पिटल, रोमा हस्पिटल, हेल्थल्याण्ड हस्पिटल, आरोग्य हेल्थ अस्पताल, सनसिटी अस्पताल, गरुडा मेडिसिटी हस्पिटल, एड्भान्स क्लिनिकलगायत एक दर्जन निजी हस्पिटल मपदण्डविपरीत सञ्चालनमा रहेको पाइएको छ। आनन्द पोलिक्लिनिक अकुपञ्चर शिवनगरले २०७३ साउन १९ गते जिल्ला स्वास्थ्य कार्यालय गौरबाट स्वीकृति लिएको थियो, तर नवीकरण भने एकैपटक २०७६ फागुन १३ गते गरेको गरुडा नगरपालिकाको रेकर्डबाट देखिएको छ । आनन्द पोलिक्लिनिक अकुपञ्चरको नाममा दर्ता रहेपनि उक्त हस्पिटलमा पुग्दा आनन्द हस्पिटल प्रा.लि. नाम राखेर सञ्चालन गरेको पाइएको छ। एजेन्टहरुमार्फत पक्षघात भएका बिरामीहरुलाई उक्त हस्पिटलमा ल्याएर उपचार गरी अनावश्यक बढी शुल्क लिने गरेको स्थानीय श्यामकिशोर साह बताउँछन् । स्वास्थ्य मन्त्रालयले निर्धारण गरेको मापदण्डविपरीत सञ्चालन गरिएका निजी अस्पतालहरुलाई कारबाहीको दायरामा ल्याउन स्थानीयहरुले माग गरेका छन् ।

# स्वास्थ्य चौकीमा बालबालिकाहरुका लागि 'प्ले सेन्टर'



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २३ चैत

बर्दियाको राजापुर नगरपालिका वडा नं. ५ स्थित बदालपुर स्वास्थ्य चौकीमा बालबालिकाहरुका लागि 'प्ले सेन्टर'को स्थापना गरिएको छ। प्लान नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रद्वारा सञ्चालित 'सशक्त बालिका परियोजना'अन्तर्गत २ लाख ५० हजार रुपैयाँ खर्चेर 'प्ले सेन्टर'को स्थापना गरिएको हो ।

'प्ले सेन्टर'को उद्घाटन गर्दै राजापुर नगरपालिका सामाजिक विकास समितिका संयोजक रमेश दहितले राजापुर नगरपालिकाले समुदायको आवश्यकता विभिन्न सामाजिक संस्थाहरुसँग समन्वय गरेर भएपनि पूरा गर्न खोजेको बताउँदै प्ले सेन्टरले बच्चाको मानसिक विकास गर्न मद्दत गर्ने भएकाले यसको सही सदुपयोग गर्न आग्रह गरे ।

नगरपालिकासँग हातेमालो गर्दै भवनको डेन्टिङ पेन्टिङ र चित्र कोर्दा ५० हजार तथा 'प्ले सेन्टर'का लागि सामग्री खरिद गर्दा २ लाख गरी जम्मा २ लाख ५० हजार खर्च गरेर बदालपुर स्वास्थ्य चौकीमा नमुनाको रुपमा 'प्ले सेन्टर' सञ्चालन गरिएको बताउँदै सशक्त बालिका परियोजनाका परियोजना संयोजक मनोज पौडेलले यसले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक विकास गर्नुका साथै बालबालिकाको संवेदनाको विकास गर्न सघाउ पुऱ्याउने वताए ।

# वन्यजन्तु क्षति न्यूनीकरणका लागि सडक सुरक्षा सचेतना कार्यक्रम

**लोकेन्द्रराज शर्मा/मध्यान्ह**
कोहलपुर, २३ चैत




'सडकमा सवारीः मानव र वन्यजन्तुको सुरक्षा हामी सबैको जिम्मेवारी' भन्ने मूल नाराका साथ शुक्रबार कोहलपुरमा वन्यजन्तु क्षति न्यूनीकरणका लागि सडक सुरक्षा सचेतना कार्यक्रम आयोजना गरिएको छ । कोहलपुर नयाँ बसपार्कमा कोहलपुर निवासी (हाल काठमाडौं) जैविक विविधता अनुसन्धानकर्ता मञ्जुश्री ठाकुर र अन्य अनुसन्धानकर्ता प्रविन लामा, शिवा ज्ञवाली र मनिषा शेर्पालगायतका टिमले सचेतना कार्यक्रम आयोजना गरेको हो ।

'दि रफोर्ड फाउन्डेशन'को सहयोगमा काठमाडौंस्थित वातावरण अध्ययन तथा संरक्षण केन्द्रले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्वीकृतिमा वन्यजन्तु क्षति न्यूनीकरणका लागि 'बाँके राष्ट्रिय निकुञ्जमा सवारीका कारण हुने वन्यजन्तु दुर्घटना' परियोजना सञ्चालन गरिरहेको छ। परियोजनाकी प्रमुखसमेत रहेकी ठाकुरलगायत टिमका सदस्य यस संरक्षण केन्द्रका अनुसन्धानकर्ता हुन् । करिब एक हप्तादेखि पहिलो चरणमा ३ सय जना सवारी चालकसँग प्रश्न सोधेर सचेतना कार्यक्रम गरिएको छ ।

साथै अब नेपालगञ्ज बसपार्कमा कार्यक्रम गर्ने योजना रहेको परियोजना प्रमुख ठाकुरले बताइन् । दोस्रो चरणका कार्यक्रमका लागि अनुसन्धान विधिहरुको तयारी भइरहेको छ। यस परियोजनाको मुख्य उद्देश्य मानव वन्यजन्तु सडक दुर्घटना न्यूनीकरणका लागि सचेतना फैलाउने र रोकथाममा हातेमालो गर्नु रहेको ठाकुरले बताइन्। कार्यक्रममा सचेतना झल्किने विभिन्न डिजाइन गरिएका करिब ४ सय वटा स्टिकरहरु सवारी साधनमा टाँसिएको थियो भने बाँकी ६ सय वटा स्टिकर पनि सवारी साधानमा टाँसिने उनले बताइन् ।

त्यसैगरी विभिन्न ट्राफिक नियमका संकेतहरु देखाइ चालकहरुको ज्ञान पनि परीक्षण गरिएको उनले बताइन् । सोक्रममा नजानेको चालकहरुलाई त्यसबारे सिकाइएको थियो। साथै राजमार्गमा सवारी साधन चलाउँदा नेपालको र राष्ट्रिय निकुञ्जको नियमावलीहरु उपस्थित सम्पूर्णमा प्रष्ट पारिएको थियो । सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुँदैन, राजमार्गमा सवारी साधन चलाउँदा प्रतिघण्टा ४० कि.मि.को गति भन्दा बढी चलाउनु हुदैन र राष्ट्रिय निकुञ्जभित्र सबै सवारी साधनका चालकले राष्ट्रिय निकुञ्जको कर्मचारीले गरेको इशारा वा संकेतलाई पालना गर्नुपर्ने र त्यस्तो इशारा वा संकेत जनाउनका लागि राखिएका चिह्नबमोजिम सवारी साधन चलाउनुपर्नेलगायतबारे चालकहरुलाई जानकारी गराइएको थियो ।

# 'मानव अधिकार हननका घटना न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम जरुरी'



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २३ चैत

सुधारिएको मानव अधिकार स्वतन्त्र समावेशी हुम्ला समाजको सुनिश्चितता परियोजना अन्तर्गत सिमकोट गाउँपालिकास्तरीय मानव अधिकारसम्बन्धी कार्यशाल गोष्ठी सम्पन्न भएको छ । हिमाली शिक्षा र विकास (हेड) नेपाल हुम्लाको आयोजनामा सिमकोट गाउँपालिकाका अगुवासँग मानव अधिकारको विषयमा एकदिने कार्यशाला गोष्ठी आयोजना गरिएको हो।

घरदेखि समाजमा भएका मानव अधिकारसम्बन्धी क्रियाकलापका बारेमा पष्ट पार्नका लागि गोष्ठी आयोजना गरिएको मानव अधिकार परियोजनाका समुदाय सहजकर्ता सुनामबहादुर लामाले जानकारी दिए। सहजकर्ता लामाले दुर्गम जिल्ला हुम्लाको परिवेशमा मानव अधिकार हननका घटना न्यूनीकरण गर्ने लक्ष्यका साथ गोष्ठी आयोजना गरिएको बताए।

पीडित व्यक्तिले न्याय नपाउनुका साथै जातीयगत, वर्णगत तथा महिला र पुरुषबीच शिक्षा, स्वास्थ्य, रोजगार जस्ता विषयमा मानव जातिले दुःख पाउनु नै मानव अधिकार हनन भएको मानिने परियोजनाका संयोजक सुरेन्द्र सापकोटाले बताए । संयोजक सापकोटा जिल्लाका दुई वटा नाम्खा र सिमकोट गाउँपालिकामा सबैभन्दा धेरै आर्थिक समस्याले गर्दा मानव अधिकार हननका घटना भएको जानकारी दिए। संयोजक सामकोटाले कुनै कारणले दुर्घटना भयो र आर्थिक अवस्था कमजोर भएकै कारण उपचार नपाउनु भनेको मानव अधिकार हनन भएको बताए। उनले मानव अधिकार हननका घटना न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम गर्न जरुरी रहेको बताए ।

मानव अधिकार हननका घटना न्यूनीकरण गर्न पहिला आफू परिवर्तन हुनुपर्ने र विस्तारै समाज परिवर्तन गर्दै जानुपर्ने प्रशिक्षक उत्तम निरौलाले बताए । प्रशिक्षक निरौलाका अनुसार जातीय भेदभाव यसको मूल जरो भएकाले जनचेतना र शिक्षाको आवश्यकता रहेको बताए । उनले मानव अधिकार हननका घटना न्यूनीकरण गर्न स्थानीय सरकारको ठूलो भूमिका हुने बताए ।

गोष्ठीमा सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारी, गाउँपालिकाकी उपाध्यक्ष सुशीला रोकाया, प्रमुख प्रशासकीय अधिकृत सुवास आले, जिल्ला समन्वय समिति हुम्लाका प्रमुख शिवराज शर्मा, गाउँकार्यपालिकाका सदस्य, आठ वटै वडाका अध्यक्ष, स्थानीय अगुवा र सञ्चारकर्मीको सहभागिता रहेको थियो। गोष्ठी सञ्चालनका लागि सि.के.यु डेन्मार्क, मिशन इन्ट नेपालको आर्थिक सहयोग तथा सिमकोट र नाम्खा गाउँपालिकाको सहकार्य रहेको थियो ।

# वीरगञ्ज महानगरपालिकाको आयोजनामा इफ्तारी समारोह सम्पन्न



**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २३ चैत

मुस्लिमहरुको पवित्र महिना रमजानको अवसरमा वीरगञ्ज महानगरपालिकाले आयोजना गरेको संयुक्त इफ्तारी समारोह सम्पन्न भएको छ । आपसी भाइचारा कायम राख्ने हेतुले वीरगञ्ज महानगरपालिकाले आयोजना गरेको इफ्तारी कार्यक्रममा महानगरको ३२ वटै वडाका गरी करिब ५ हजारभन्दा बढी मुस्लिम धर्मावलम्बीहरु सहभागी भएका थिए ।

शुक्रबार साँझ आयोजना गरिएको इफतारी कार्यक्रममा सहभागी मुस्लिम धर्मावलम्बीहरुका लागि महानगरपालिकाले विभिन्न परिकारका साथै जलपानको व्यवस्था गरी रोजेदार हरुलाई रोजा खोलाएको थियो ।

त्यसअवसरमा वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलमले मुस्लिम धर्मावलम्बीहरुको सबैभन्दा ठूलो पर्व रमजानको अवसर पारेर आयोजना गरिएको इफ्तारीमा सहभागी सबैलाई शुभकामना दिँदै धन्यवाद पनि व्यक्त गरेका थिए । उनीहरुले एक अर्काको धर्म र पर्वप्रति सम्मान गर्दै आपसी सद्भाव र धार्मीक सहिष्णुता कायम राख्न अनुरोधसमेत गरेका थिए ।

रमजानको उपलक्ष्यमा महानगरपालिकाले गत वर्षदेखि संयुक्त इफ्तारी समारोह आयोजना गर्दै आएको छ । उपप्रमुख आलमले आगामी वर्ष पनि इफ्तरी कार्यक्रमलाई निरन्तरता दिने बताए । इफ्तारी समारोहमा महानगरका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, विभिन्न वडाका वडाध्यक्षहरु, अन्य धर्मका अगुवा, महानगरपालिकाका कर्मचारीलगायतको सहभागिता रहेको थियो ।

# नेपाली महिला समाज कतारको आयोजनामा इफ्तार कार्यक्रम सम्पन्न



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ चैत

कतारमा रहेका करिब १६ हजार नेपाली महिलाहरूको अभिभावक संस्था नेपाली महिला समाज कतारले इफ्तार कार्यक्रम सम्पन्न गरेको छ । इस्लाम धर्मावलम्बीहरूको पवित्र चाड इद उल फित्रको अवसरमा आयोजित इफ्तार कार्यक्रम सम्पन्न भएको हो ।

कतारको ग्रान्डमलमा रहेको लालीगुराँस रेस्टुरेन्टको हलमा समाजकी अध्यक्ष माया केसीको अध्यक्षता तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा फरक शैलीमा कार्यक्रम सम्पन्न भएको हो । इस्लामिक धर्मावलम्बी तथा मौलानाहरुको मात्र उपस्थिति रहेको कार्यक्रमको शुभारम्भमा मौलाना ईशहाक नदबिले कुरान वाचन गरेका थिए ।

राष्ट्रिय मुस्लिम परिषद् नेपालका अध्यक्ष तथा मौलाना कासिम रैयान अलियादी (चतुर्वेदी)ले इस्लाम धर्मावलम्बीहरूको रोजा, व्रत उपवास तथा इस्लाम धर्म र महत्वका बारेमा प्रष्ट पारेका थिए। कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि ढकालले आफू कतार आएलगत्तै कतारका शेख (राजा)लाई नेपाल भ्रमणका लागि अनुरोध गर्दै पहल गरेको र उक्त कदमले बल्ल सार्थकता पाएको बताए । ढकालले महिला समाजले इफ्तार कार्यक्रम आयोजना गर्दै समाजमा सकारात्मक सन्देश दिएको बताए ।

समाजकी प्रथम उपाध्यक्ष सन्ध्या अर्यालले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव मेनुका खतिवडा भण्डारीले सहजीकरण गरेकी थिइन्। कार्यक्रमको समापन गर्दै अध्यक्ष केसीले कार्यक्रम भव्यरूपमा सफल बनाउनका लागि आ-आफ्नो स्थानबाट सहयोग र समन्वय गर्नेप्रति कृतज्ञता व्यक्त गरिन् । कतारमा स्थापित इस्लामिक संस्थाका प्रमुख तथा प्रतिनिधिको विशेष उपस्थिति तथा शुभकामना मन्तव्य रहेको थियो।

# निःशुल्क स्वास्थ्य शिविरबाट १६७ महिला लाभान्वित

**लेखनाथ सिकारु/मध्यान्ह**
पाँचथर, २३ चैत




पाँचथरको हिलिहाङ गाउँपालिका-७ सल्लेरीमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा १ सय ६७ जना महिलाले सेवा लिएका छन्। हिलिहाङ गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा सञ्चालन भएको शिविरमा प्रजनन समस्यासँगै पाठेघरको मुखमा हुने क्यान्सर परीक्षण गरिएको थियो ।

शिविरमा पाठेघरको मुखको स्क्रिनिङ, आङ खसेका महिलाको रिङ प्रेसरी व्यवस्थापन र उपचार गरिएको स्वास्थ्य शाखा प्रमुख चन्द्र घिमिरेले जानकारी दिए । उनका अनुसार शिविरमा ८७ जनाको पाठेघरको मुखमा क्यान्सर भए-नभएको परीक्षण, ३३ जनाको लामो अवधिको परिवार नियोजनको साधन राख्ने र ११ जना आङ खसेका महिलाको उपचार गरिएको थियो ।

प्रजनन सेवा रुग्णता कार्यक्रम अन्तर्गत शिविर आयोजना गरिएको हो । यसअघि हिलिहाङ-१ अमरपुरमा पनि महिलालक्षित स्वास्थ्य शिविर सञ्चालन गरिएको घिमिरेले बताए ।

# शैक्षिक सामग्री पाएपछि विद्यार्थीहरु हर्षित



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ चैत

बाल आधारभूत विद्यालय सन्धिखर्कमा अध्ययनरत विद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । नेपाल प्रहरी श्रीमती संघ लुम्बिनी प्रदेशको आयोजना, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको समन्वयमा सन्धिखर्क नगरपालिका वार्ड नम्बर १ तुमकोटमा प्रहरी महानिरीक्षक बसन्त कुँवरकी श्रीमती, सोही विद्यालयमा प्रारम्भिक शिक्षा अध्ययन गरेकी संघकी केन्द्रीय अध्यक्ष लक्ष्मी पराजुली कुँवरसहित संघको टिमले विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका ५३ जना विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तराण गरेको हो ।

वि.सं. २०१९ साल वैशाख २ गते स्थापना भएको उक्त विद्यालयमा संघकी अध्यक्ष कुँवरले २०३२ सालदेखि २०३५ सालसम्म अध्ययन गरेकी थिइन् । उनले आफूले अध्ययन गरेको विद्यालयमा आएर कार्यक्रम गर्न पाउँदा निकै खुसी लागेको बताइन् ।

संघले आफ्नो स्थापना कालदेखि नै देशका विभिन्न ठाउँमा सामाजिक कार्यहरु गर्दै आएको बताउँदै अध्यक्ष कुँवरले आफू जन्मेको गाउँ र प्रारम्भिक शिक्षा अध्ययन गरेको विद्यालयको स्तरोन्नतिका लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरिन् ।

शिक्षा विकास तथा समन्वय इकाइ अर्घाखाँचीका प्रमुख मनिराम पराजुलीले विद्यालयका संस्थापक प्रधानाध्यापक विष्णु रानाको अथक प्रयासबाट स्थापना भएको विद्यालय विभिन्न आरोह अवरोह पार गर्दै यो स्थानमा आउनु सुखद भएको बताए।

विद्यालयमा विद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरेर महत्वपूर्ण काम गरेको भन्दै आयोजकलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णु बस्यालले धन्यवाद दिए। सदरमुकाममा लामो इतिहास बोकेको विद्यालयले निकै महत्वपूर्ण व्यक्तिहरु उत्पादन गर्न सफल भएको समाजसेवी युवा लक्ष्मण पराजुलीले बताए ।

# जन्मदिनको खर्च कटाएर आश्रमका वृद्धवृद्धालाई भोजन

**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, २३ चैत



नेपाली समाजमा पछिल्लो समय जन्मोत्सव, विवाह, ब्रतबन्धमा फजुल खर्च गर्ने प्रचलन बढ्दै गएका बेला अर्घाखाँचीका युवा निर्माण व्यवसायी वसन्त भुसालले आफ्नो जन्मदिनका अवसरमा मानव सेवा आश्रम बुटवलमा रहेका वृद्धवृद्धाहरुलाई भोजन गराएका छन् ।

अर्घाखाँचीमा बसेर लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा निर्माणको काम गर्ने युवा व्यवसायी भुसाल निर्माण व्यवसायी संघ अर्घाखाँचीका अध्यक्ष पनि हुन्। समाजमा जन्मोत्सव, विवाह, ब्रतबन्धजस्ता कार्यमा भोजभतेर गरेर अनावश्यक खर्च गर्ने परिपाटीलाई भुसालले गतिलो झापड दिएको स्थानीय व्यवसायी मेघबहादुर खड्का बताए । भुसालका लागि यो अभ्यास नौलो होइन, विगतका वर्षहरुदेखि नै भुसालले आफ्नो जन्मदिनमा समाजमा रहेका असाहरा अनाथ तथा उपचार गर्न नसक्ने विभिन्न प्रकारका बिरामीहरुलाई सहयोग गर्दै आएका छन् ।

भुसाल भन्छन्, 'जन्मदिनमा गर्ने खर्च अनाथ आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरुलाई एक छाक खाना मात्र खुवाए पनि केही हदसम्म राहत मिल्ने भएकाले यस्तो सोच आएको हो ।' भुसालले अर्घाखाँची सन्धिखर्क-६ मा रहेको श्रीकृष्ण गौशालाका गाईहरुलाई दाना भोजन गराउने, सन्धिखर्क शान्ति बगैंचामा रहेको १०८ पञ्चाङ्ग मन्दिरमा विभिन्न खालका सहयोग गर्नेहरुलाई सहयोग गर्ने गरेका छन् ।

## प्रतिष्ठा...

आयोगले उपचुनावको मिति तय गरेसँगै सहमहामन्त्री कविन्द्र बुर्लाकोटीलाई इलाम २ मा खटाएको थियो भने मत सर्वेक्षण गर्न ६ जना सांसद खटिएका थिए। मत सर्वेक्षण समेतका आधारमा रास्वपाले मिलन लिम्बुलाई उम्मेदवार बनाएको छ। इलाम २ मा जनसंख्याको दृष्टिमा राइ पछि लिम्बुको बाहुल्यता छ ।

निर्वाचन कार्यतालिका अन्तर्गत शनिवार उम्मेदवारको मनोनयन दर्ता हुनेछ। २५ चैतमा उम्मेदवारको विरोधमा उजुरी दिने, २६ चैतमा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, २७ चैतमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन, उम्मेदवारी फिर्ता, र निर्वाचन चिह्न वितरण गरिनेछ। २८ चैतदेखि १२ वैशाखसम्म प्रचारप्रसारको समय छ भने १५ वैशाखमा मतदान हुनेछ ।

## संसदमा...

कार्यक्षेत्र नि ठूलो भएको कारणले गर्दा बजेटको असाध्धै अभाव छ । जसका कारणले समितिले गर्नुपर्ने काम पनि गर्न सकिरहेको छैन् । यसतर्फ मैले सम्माननीय प्रधानमन्त्रीज्युको गम्भीर ध्यानाकर्षण गाराउन चाहन्छु।'

यसअघि सभामुख देवराज घिमिरेले पनि संसदमा एनजिओको प्रभाव रोक्नुपर्ने बताएका थिए। तर रोकिनुको साटो एनिजिओले प्रभाव बढाउँदै लगेको छ । संसद सचिवालयका अधिकारीहरुका अनुसार विभिन्न एनजिओले आफूखुसी संसदीय विषयगत समितिसँग साझेदारी गर्ने र एनजिओको सहयोगमा बिभिन्न कार्यक्रमहरु संसदभित्रै र बाहिर हुने संचालन गर्ने गरेका छन् । संसद सचिवालयका अधिकारीहरुका अनुसार एनजिओको सहयोगमा हुने अधिकांश कार्यक्रमहरुमा संचार क्षेत्रको उपस्थिति नहुने भएकाले नेपालको राष्ट्रिय सुरक्षा र परराष्ट्रसम्मका विषयमा खुलेर छलफल हुने गर्दछ ।

यस्तो कार्यले संसदीय गरिमालाई असर पुऱ्याएको भन्दै आइतबार बसेको सभामुख देवराज घिमिरेसहितको प्रतिनिधि सभाका विषयगत संसदीय समितिको सभापतिहरुको संयुक्त बैठकमा प्रश्न उठाएपनि एनिजिओको सहयोग नरोकिएपछि सांसदहरुले प्रधानमन्त्रीको सहयोग मागेका हुन्। जवाफमा प्रधानमन्त्री प्रचण्डले संसदमा रहेको जनशक्ति र बजेटको विषयमा सभामुख, राष्ट्रिय सभाको अध्यक्ष समेत आफ्नो ध्यानाकर्षण गरेको स्मरण गरे । प्रधानमन्त्री प्रचण्डले अगाडि थपे, '...यो पटक संसदीय समितिको लागि र सिंगै संसद सचिवालयको लागि बजेट कमी हुन नदिनेमा सरकार गम्भीर छ।'

## सुनसरी...

सहायक प्रमुख जिल्ला अधिकारी ओम भट्टराईका अनुसार घाइतेहरूको विराटनगरको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

गत बिहीबार एसइई परीक्षाको क्रममा हरिनगर गाउँपालिका वडा नम्बर १ मा रहेको बालकृष्ण माविमा भएको कुटपिटपछि दुई समुदायबीच तनाव बढेको बताइन्छ। दुवै समूहका स्थानीयहरू झडपमा उत्रिएपछि शुक्रबार बिहानैबाट सुनसरीमा तनाव सृजना भएको हो. ।

## माल्टा...

बानेश्वर बस्दै आएका मनिष दाहाललाई पक्राउ गरेको छ । प्रहरीले बेरोजगार युवायुवतीहरुलाई वैदेशिक रोजगारीमा पठाउने भनि आकर्षक तलबको प्रलोभनमा पारी पीडितहरुबाट रकम लिएपश्चात विदेश नपठाइ सम्पर्कविहीन हुने प्रवृत्ति बढेको भन्दै सचेत हुनसमेत आग्रह गरेको छ। पक्राउ परेकाहरुलाई गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनले बताएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२४**

**स्टडीसिस कन्सल्ट दाङ प्रा.लि.**को मिति २०८०/१२/०६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्टडिज कन्सल्ट दाङ प्रा.लि. (प्रा.लि. नं.: ३१४६६१)** कायम गर्ने गरी मिति २०८०/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**SAUDI मा रोजगार** | कम्पनीः **SHOROUK AL QAFLAH CAR WASH**
शहरः **Saudi Arabia,Gassim**

पूर्व स्वीकृत मितिः २०८०/१२/२३ चलानी नं.: ६०२१७९८२ L.T. No.: 302921

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Car Wash Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि.** श्रम ई.नं.: ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौं, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com

# रोकिएन दुर्गा प्रसाईंको 'अराजक' अभियान

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २३ चैत



विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ५ अर्ब रुपैयाँभन्दा बढी ऋण लिएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बैंक र लघुवित्त तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने सावाँ-ब्याज बुझाउन पर्दैन भन्दै भाषण गरे। त्यतिमात्रै होइन उनले एक हप्ता अगाडिबाटै अटो ट्याकटर गाडीमा खर्च दिने वाचाका साथ आफ्नो पोष्टर र नेपालको राष्ट्रिय झण्डा राखेका थिए।

नेपालको झण्डा संवैधानिक निकायले प्रयोग गर्न पाउँछ। तर प्रसाईंले अभियानको क्रममा ट्याक्टरमा समेत झण्डाको प्रयोग गरे। नेपालको झण्डासहित २० लाखभन्दा मुनिका ऋणीहरूलाई समेत ऋण नतिर्न भन्दै यातायातका साधन गाउँगाउ पुऱ्याए। नेपालको झण्डा दुरुपयोग गर्दासमेत यहाँका प्रहरी प्रशासन मौन बनेको थियो।

यस बिषयमा संविधान सभाका सदस्य डिल्ली काफ्ले यो कार्य गलत भएको बताउँछन्। उनी भन्छन्, 'यो कार्य गलत हो । नेपालको झण्डा दुरुपयोग गरेको भन्ने विषयमा प्रहरी प्रशासनको ध्यान जानुपर्छ। हाम्रो संविधान विरोधी गतिविधि गर्ने अधिकार कसैलाई छैन। तर त्यही कार्य भइरहेको छ।'

### प्रसाईंको अभियानका समर्थक

मेडिकल व्यवसायी प्रसाईंले जुम्लामा आएर एक औपचारिक कार्यक्रम गरे। त्यहाँ पूर्वराजप्रति आस्था राख्ने केही नेताहरुको सहभागिता थियो। उनको यो कार्यक्रमलाई खुलेर सहयोग गर्ने जुम्लाका विपन्न वर्गको भने सहभागिता त्यति थिएन। यस कारणले उनको अभियान वास्तविक गरिब निमुखासँग नभइ जुम्लाका केही पहुँचवाला व्यक्तिहरुको समूहसँग रहेको देखिन्छ।

प्रसाईंले जुम्लामा सम्बोधन गर्दै भने, 'म भोट दिनुहोस् भनेर जुम्ला आएको होइन। तपाईंहरुका लागि भनेर यो ३० लाख खर्च गरेर यो कार्यक्रम गरेका छौं।' यसको १५ लाख जन सभा संयोजक चन्दननाथ नगरपालिका ५ की रेणु शाहीले दिएको उनले बताए। प्रसाईंको भनाइलाई सर्मथन जनाउदैं शाहीले उक्त रकम आफैंले दिएको भन्न भ्याइन्। प्रसाईंको यो अभिव्यक्तिपछि जुम्लाका नागरिक अचम्मित भएका छन्। १५ लाख दिएको भनिएकी शाहीले यहाँका केही व्यक्तिसँग लिएको सापटी अझै फिर्ता गरेकी छैनन्।

त्यस्तै शाहीलाई यसअघि चन्दननाथ नगरपालिका-९ का अन्दाजी २५ वर्षीय धन गिरीलाई बेपत्ता पारेको मुद्दा लागेको थियो। उनीहरुको परिवार अहिले पनि न्यायको पर्खाइमा छ। गिरीलाई २०७७ असोज १५ गते अपहरण गरी बेपत्ता बनाइएको थियो। चन्दननाथ नगरपालिका-९, बयालकाटीया निवासी गिरी शाहीका ट्याक्टर चालक थिए। उनी २०७७ असोज १५ गते निर्माण सामग्री लिएर गुठीचौर गाउँपालिकाको मणिसाँघुतिर लाग्दै थिए। तर निर्माण सामग्री लिएर गएका उनी घर फर्किएनन्।

उनकी श्रीमती मीना गिरी भन्छिन्, '२०७७ असोज १५ गते राति १२ बजेतिर ट्याक्टरको साहुनीले फोन गरेर तिम्रो श्रीमान घर आयो कि नाइँ भनेर सोधेकी थिइन्, आउनुभएकै छैन भन्ने जवाफ दिन नपाउँदै रेणु शाहीले फोन राखिन्।' आफ्नो श्रीमान बेपत्ता हुनुका पछाडि ट्याक्टर साहु रेणु शाहीको मिलेमतो रहेको उनको आरोप छ।

### प्रसाईंको ऋण

नेपाल राष्ट्र बैंक स्रोतका अनुसार प्रसाईंले नबिल बैंकबाट ७६ करोड, प्रभुबाट १ अर्ब २० करोड, तत्कालीन एनसिसी हालको कुमारी बैंकबाट १ अर्ब, राष्ट्रिय वाणिज्यबाट ७० करोड, तत्कालीन मेगा हालको नेपाल इन्भेस्टमेन्ट मेगा बैंकबाट ६५ करोड, लुम्बिनी विकास बैंकबाट १५ करोड ३० लाख, गुडविल फाइनान्सबाट ११ करोड, तत्कालीन जनता बैंक हालको ग्लोबल आइएमईबाट १ अर्ब रुपैयाँ ऋण लिएका छन्।

प्रसाईंले कूल ५ अर्ब ५७ करोड ३० लाख रुपैयाँ ऋण लिएको देखिन्छ। उनले पूर्वाञ्चल क्यान्सर अस्पताल, बिएन्डसी अस्पताल, होटल एट्रियम, शुभम हाउजिङलगायत क्षेत्रमा लगानी गर्न बैंकबाट ठूलो परिमाणमा ऋण लिएको यसअघि नै सार्वजनिक भइसकेको छ।

### अराजक अभिव्यक्ति

जुम्लाका हरिबाबु चौलागाईं भन्छन्, 'आफूले लिएको ऋण जसले पनि तिर्नुपर्छ। उनले तिर्न पर्दैन भनेर जुम्लीी जनतालाई एक अफवाह फैलाइदिएका छन्।' यही भनाइलाई आधार मानेर ढुक्क भएको खण्डमा खेतबार बेच्नुपर्ने उनले बताए। उनले भने, 'प्रसाईं नेकपा माओवादी केन्द्रबाट नेकपा एमाले हुँदै अहिले राजावादी खेमामा मिसिएका छन्। आफू जोगिने उद्देश्यले मात्र उनी विभिन्न राजनीतिक दल र खेमामा मिसिँदै आएको पाइन्छ।'

### लघुवित्त तथा वित्तीय संस्थाहरुको भनाइ

बैंक र लघुवित्त तथा वित्तीय संस्थाहरुले प्रसाईंले व्यवसायीलाई भड्काउनेखालका अराजक अभिव्यक्ति दिँदै हिँडेको बताएका छन्। प्रसाईंले आफैं बैंकबाट ऋण लिने र पछि तिर्दिनँ भन्नु सिस्टम विरोधी भएको बैंकहरुको भनाइ छ। उनीहरुका अनुसार एउटा व्यवसायीले निक्षेपकर्ताको पैसाबाट व्यावसायिक साम्राज्य खडा गरेको हुन्छ। यसरी ऋण तिर्दिनँ भनेर अभियान चलाउँदा भोलिको देशको अर्थतन्त्र नै तहसनहस हुने उनीहरुको दाबी छ। बैंक तथा वित्तीय संस्थाको ऋण वित्तीय 'सिस्टम'को विश्वसनीयतासँग जोडिएको हुने भन्दै जनताले यसलाई हलुका लिन नहुने उनीहरुको भनाइ छ।

त्यस्तै जुम्लाका स्थानीय जयशंकार धिताल भन्छन्, 'लिने बेलामा बैंकबाट ऋण लिने, तर तिर्ने बेलामा म तिर्दिनँ भन्न मिल्छ ?, यो अराजकता हो, वित्तीय अपराध हो। यस्ता कुरालाई कोही कसैले पनि प्रश्रय दिनु हुँदैन।'

# कालीकोटमा शैक्षिक सत्र शुरु हुनुअगावै पुग्यो पाठ्यपुस्तक



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २३ चैत

कर्णालीका सबै जिल्लामा पाठ्यपुस्तक पुगेसँगै कालीकोट जिल्लामा पनि पाठ्यपुस्तक पुगेको छ। अघिल्ला वर्षहरुमा शैक्षिक सत्रको अन्त्यसम्म पनि पुस्तक पाउन गाह्रो पर्ने कर्णाली प्रदेशका अधिकांश जिल्लामा यसपालि भने शैक्षिक सत्र शुरु हुनुभन्दा अगावै पाठ्यपुस्तक पुगेको शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय कालीकोटका निमित्त प्रमुख प्रकाश चन्द्र धितालले जानकारी दिए।

पहिलो पटक जिल्लामा शैक्षिक सत्र शुरु हुनुभन्दा पहिला नै पाठ्यपुस्तक उपलब्ध भएको विनोद बुक सेन्टरका सञ्चालक नन्द बहादुर शाहीले बताए। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सुर्खेत कार्यालयले पाठ्यपुस्तक उपलब्ध गराएको सञ्चालक शाहीले बताए। गएको चैत १५ गते नै कक्षा १ देखि १० सम्मका सबै विषयका पाठ्यपुस्तक जिल्लामा आइपुगेको र अहीले स्थानीय तहका विभिन्न विद्यालयमा पठाउने कार्य भइरहेको शाहीले बताए।

कक्षा १ देखि १० सम्म सरकारले निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आइरहेको छ। योभन्दा पहिलाका शैक्षिक सत्रमा भने शैक्षिक सत्र शुरु भएको लामो समयसम्म पनि पाठ्यपुस्तक नपाउँदा विद्यार्थीहरुले सास्ती खेप्नु परेको थियो। कालीकोटमा एक हजार सेट पाठ्यापुस्तक पुगिसकेको शिक्षा विकास तथा समन्वय इकाइ कालीकोटका निमित्त प्रमुख धितालले बताए।

# जुफाल विमानस्थल मर्मतको काम ३८ दिनमा ८५ प्रतिशत सम्पन्न

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २३ चैत

हिमाली जिल्ला डोल्पामा रहेको जुफाल विमानस्थल मर्मतको काम ८५ प्रतिशत सकिएको छ। गत फागुन १६ गतेदेखि बन्द भएको विमानस्थलको धावनमार्ग समथल बनाउनेदेखि अन्य काम ८५ प्रतिशत हारहारीमा सकिएको नागरिक उड्डयन प्राधिकरण डोल्पाले जानकारी दिएको छ।

मर्मतका लागि बन्द भएको ३८ दिनसम्म काम अन्तिम चरणमा पुगेकाले अब ढिलामा एक साताभित्रै सबै काम सम्पन्न हुने प्राधिकरणका इन्जिनियर वीर बहादुर शाहीले जानकारी दिए। शाहीले भने, 'डोल्पावासीका लागि यातायातको प्रमुख एवम् भरपर्दो साधन हवाई यातायात नै भएकाले अहोरात्र काम गरिरहेको छु, त्यसमा पनि स्थानीय युवा व्यवसायीहरूको सक्रियताका कारण पनि काम छिटो भयो।'

सकेसम्म वैशाख १ गतेभित्रै हवाई सेवा सुचारु गर्ने योजना रहेको उनले बताए। आजीवन तामाङ मरिन जेभी धादिङले मूल्य अभिवृद्धि करसहित छ करोडमा निर्माणको जिम्मा लिएको छ। विमानस्थलको धावनमार्ग कतै उठेको कतै बसेको र केही ठाउँमा चिरा परेर भासिएपछि १८५ मिटर स्तरोन्नति गरिएको हो।

धानवमार्ग जीर्ण भएकै कारण सरकारी तथा निजी एयरलाइन्स कम्पनीहरूले पनि पटक-पटक उडान गर्न नसकिने बताउँदै आएका थिए। सीता एयरले धावनमार्ग खराबीका उडान नै बन्द गरेको थियो।

विमानस्थल मर्मतको काम सकिएपछि सहजरुपमा हवाईजहाज आवतजावत गर्न सकिने नागरिक उड्डयन प्राधिकरणको कार्यालय जुफालले जनाएको छ।

## स्यार्पुमा प्याराग्लाइडिङ



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २३ चैत

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाको रमणीय स्यार्पु तालको आकाशमा आजभोलि प्याराग्लाइडिङ उडिरहेकोका हुन्छन्। तर व्यावसायिकरुपमा नभइ परीक्षणका रुपमा प्याराग्लाइडिङ गरिएको हो।

तालको पर्यटन प्रवर्द्धनका निम्ति प्याराग्लाइडिङ परीक्षण भएको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष तिलवीर केसीले बताए। परीक्षण सफल भएपछि व्यावसायिकरुपमा प्याराग्लाइडिङ सञ्चालन हुनेछ।


**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Documentation - Male 1
Reception - Female 1

SALARY Negotiable

**Requirements:**
★ Educational qualification Bachelor pass.
★ Well knowledge of computer Photoshop & Nepali typing skill.
★ Fluent in both speaking and writing in English.
★ Minimum 1 years experience in the recruitment field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at info@gala.com.np*

**Gala International Pvt. Ltd.**
श्रम इजाजत नं: १६७३/०८०/०८१
महाराजगंज, काठमाडौं, फोन नं.: ०१-५९२१८३३, मोबाइल ९८२३८३३१५३ Email:info.galaintl@gmail.com


## श्रीस्टार हाइड्रोपावर लिमिटेड
मध्यपुर थिमी न.पा.–३ भक्तपुर, फोन नं. ०१६६३५०८०

### वार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८०/१२/२४)

यस कम्पनीको मिति २०८०/१२/२३ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व. २०७९।०८० को वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सावर्जनिक सूचना प्रकाशित गरिएको छ।

**मिति, स्थान र समय**
**मिति** : २०८१/०१/२३ गते, आइतबार अर्थात मे ०५, २०२४।
**स्थान** : जर्मन होम्स, गठ्ठाघर, भक्तपुर। (साझा पेट्रोल पम्प नजिकै)
**समय** : विहान ११:०० बजे।

**वार्षिक साधारण सभामा प्रस्तुत गरिने विषयहरुः**

**क. साधारण प्रस्तावः**
१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुति र सोलाई पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षण प्रतिवेदन र आ.व. २०७९/०८० को वार्षिक आर्थिक विवरण अन्तर्गत २०८० साल आषाढ मसान्तसम्मको वासलात, २०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक E.R. Sigdel & Associates, Chartered Accountants का सिए श्री एकराज सिग्देल पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।
४. सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा।
५. विविध

**ख. विशेष प्रस्ताव :**
१. हकप्रद शेयर (Right Share) निष्काशन गर्ने सम्बन्धमा।
२. उपयुक्त नयाँ आयोजनाहरुको पहिचान गरी लगानी गर्ने वा निर्माणाधीन आयोजनामा थप लगानी गर्ने सम्बन्धमा।
३. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी (समूह "ख") को प्रतिनिधित्वको निम्ति २ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

**वार्षिक साधारणरभा सम्बधी अन्य जानकारीहरुः**
१. साधारण सभामा उपस्थित हुने, सहभागी हुने र निर्वाचनमा मतदान गर्ने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र वा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा शेयर प्रमाण पत्र साथमा लिई सभामा उपस्थित हुन अनुरोध गरिन्छ।
२. यस साधारण सभामा भाग लिनुहुने शेयरधनीहरुको नाम दर्ता प्रयोजनको लागि शेयरधनी उपस्थिति दर्ता पुस्तिका विहान १०:०० वजेबाट खुल्ला गरिनेछ।
३. वार्षिक सभामा भाग लिने प्रयोजनका लागि मिति २०८१ साल बैसाख ७ गते शुक्रबार एक दिन शेयर दाखिल खारेज कार्य बन्द (Book Close) हुनेछ। मिति २०८१ साल बैशाख ६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडबाट उपलब्ध शेयरधनी वा दर्ता कितावमा कायम शेयरधनीहरु मात्र यस कम्पनीको आ.व २०७९।०८० को सभामा सहभागि हुने, भाग लिन र संचालक निर्वाचन कार्यक्रममाा मतदान गर्न योग्य हुनेछन्।
४. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) फाराम भरी हस्ताक्षर गरी नियुक्त गर्नुपर्नेछ। यसरी प्रतिनिधी नियुक्ती गर्दा साधारण सभा सुरु हुन ४८ घण्टा अगाबै यस कम्पनीको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः वदर हुनेछ।
५. एकभन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्तारहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले वा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित सस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा तेस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
६. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अतर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनुभन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ। त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ।
७. संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभाहुनुभन्दा ७ दिन अगाबै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रकाशन गरिनेछ। निर्वाचन सम्बन्धी जानकारी निर्वाचन अधिकृतको कार्यालयबाट कार्यालय समय भित्र कम्पनी सचिवसँग सम्पर्क गरी शेयरधनी महानुभावले लिन सक्नुहुनेछ। उमेदवार हुन शेयरधनी स्वयं उपस्थित हुनु पर्ने छ।
८. साधारण सभा सम्वन्धी वार्षिक प्रतिवेदन र अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको रजिष्टर्ड कार्यालय मध्यपुर थिमी न.पा. वडा नं. ३ चारदोवाटो भक्तपुरमा सम्पर्क राखि लिन सकिनेछ। थप जानकारिको लागि कम्पनीको वेब साईट www.threestarhydro.com बाट प्राप्त गर्न सक्नु हुनेछ।

**सञ्चालक समितिका आज्ञाले**
कम्पनी सचिव

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
## प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई
**बीरेन्द्रनगर सुर्खेत**

### विद्युतीय दरभाउपत्र आह्वान सम्बन्धि संशोधनको जरुरी सूचना

**मितिः २०८०/१२/२३**

यस प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई, वीरेन्द्रनगर सुर्खेतबाट Procurement of Goods of Information and Communications Technology को विद्युतीय दरभाउपत्र आह्वान गरिएकोमा Annex 1: Technical Specification को बूदाँ नं ७ र ११ को टि भि को साइज उल्लेख गर्न छुट भएकोले थप गरिएको व्यहोरा अनुरोध छ। साथै यस अघि सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८०/१२/०९ गतेको सार्वजनिक सूचना अनुसार म्याद सच्चाईएकोमा अब तपशिल बमोजिम हुने गरि म्याद समेत थप (यस दरभाउपत्र हकमा मात्र) गरिएको व्यहोरा सूचित गरिन्छ।

**तपसिलः**

| सि नं | ठेक्का नं | छुट भएको विवरण | थप भएको विवरण | संशोधित दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | संशोधित दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १. | 1/Good/SQ/PPIU/ 080/081 | Annex 1: Technical Specification को बूदाँ नं ७ र ११ मा Smart TV र Smart TV for Conference Hall को Size उल्लेख गर्न 5'6 भएको | Annex 1: Technical Specification को बूदाँ नं ७ मा Smart TV को Size 40" र बूदाँ नं ११ मा Smart TV for Conference Hall को Size 50" भएको | २०८०/१२/२८ दिउँसो १२:०० बजे | २०८०/१२/२८ दिउँसो १४:०० बजे |

**प्रदेश कार्यक्रम व्यवस्थापक**

### मोटरसाईकल हरायो

मिति २०८०/१२/१८ गते बेलुकी अन्दाजी ७ बजेको समयमा गंगबु आवास क्षेत्रभित्र थापा निबास अगाडी राखेको अवस्थामा बा.प्र.-०२-०२९ प- ७४२४ नम्बरको रातो/कालो रङको 220 cc बजाज कम्पनीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरि दिनुहुन अनुरोध गर्दछु।

**सवारी धनी** : चन्द्र कुमार घर्ति मगर
**ईन्जिन नं.** : DKXCMD0 5260
**च्यासिस नं.** : MD2A13EX3MCD 86813
**सम्पर्क नं.** : ९८१३२२०२३४

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/०७ मा दर्ता भएको **प्रा लि नं २८९१५५/०७८/०७९** को **हेमाटो हेल्थ केयर सेन्टर प्रा.लि.**को मिति २०८०/१२/२३ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०६/२५ मा दर्ता भएको **प्रा.लि. नं. २००९७५** को **आईडिमल डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/११/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०२/१९ मा दर्ता भएको **प्रा.लि.नं. ३१३५४१** को **मनास्लु आर्ट ग्यालरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com



| प्रेरणादायी जीवनगाथा

# दुर्गमबाट उदाएका मिडिया हस्ती डा. जनकराज पन्त

## कोठा भाडा तिर्न फुटपाथमा मसला बेचेका पन्तको संघर्ष : क्यामेराम्यानदेखि यसरी बने स्याटलाइट टिभी मालिक ! सञ्चारमा पिएचडी, स्कुलमा लगानी

■ जीवन विष्ट / धनगढी

दयालु स्वभाव, सहयोगी भावना अव्वल नेतृत्व, साहसी क्षमता, कम बोल्ने र बोलेको पूरा गर्ने उनीभित्र एक संकल्प छ । नेपाली सञ्चार जगतमा सफल मिडिया व्यवसायीका रूपमा उनले आफ्नो जबरजस्त छवि बनाएका छन् । उनी अर्थात् डा. जनकराज पन्त । जो सञ्चार क्षेत्र र मिडिया उद्यमीका लागि एक प्रेरणाका पात्र हुन् । कोरोना महामारीपछि निर्मित आर्थिक मन्दीका कारण ठूला भनिएका मिडिया हाउस (टेलिभिजन) धमाधम बन्द भइरहेका बेला उनको रफ्तार भने तीव्र गतिमा छ । सञ्चार क्षेत्रमा धेरै कम व्यक्तिहरू छन् । जो सिक्दै गर्दै मालिक बनी यसै क्षेत्रमा रोजगारी सिर्जना गरिरहेका छन् । तीनै मध्येका एक हुन् पन्त । स्वभावकै कुरा गर्ने हो भने उनी यति सरल छन् की उनमा घमन्ड पटक्कै देखिँदैन । भूईं मानिसदेखि उच्च ओहदाका व्यक्तिहरूसँग प्रस्तुत हुने उनको शैली एउटै छ ।

"मैले सत्कर्मले भाग्य झुकाएको हुँ । विकट जिल्ला दार्चुलाबाट काठमाडौं झरेर यहाँसम्मको यात्रा तय गर्न सजिलो थिएन । मभित्र दर्दनाक विगत छ । आरोह-अवरोह छन् । दुःख, पीडा, चोट, संघर्ष र खुसीका पल अनगन्ती छन् । कडा परिश्रम र अथाह मेहनतले मलाई यहाँसम्म पुऱ्याएको हो", पन्तले भने ।

### ■ फुटपाथमा मसला बेच्थे...

विकट ठाउँ, दुर्गम बस्ती, दार्चुलाको वोहरी गाविस वडा नम्बर ३ (हालको शैल्यशिखर नगरपालिका)मा बाल्यकाल बिताउँदै गरेका पन्तलाई नेपाल आर्मी.असाध्यै मन पर्थ्यो । स्कुलमा कसैले भविष्यमा के बन्छस् भनेर सोध्दा उनको जवाफ आर्मी हुन्थ्यो । १० कक्षासम्म दार्चुलामै अध्ययन परेका पन्तलाई उच्च शिक्षा अध्ययनका लागि काठमाडौं जाने अवसर मिल्यो । नेपाल बैंकमा जागिरे उनकी आमा र दाइले अध्ययनका लागि देशको राजधानी पठाए । उनलाई पढ्न मात्र थिएन केही गर्नु पनि थियो ।

पारिवारिक पृष्ठभूमि राम्रै भएकाले पन्तलाई काठमाडौंमा बस्न र खान समस्या थिएन । बुवा गाउँको मुखिया, उनकी आमा र दाई नेपाल बैंकका जागिरे थिए । तर, जनकलाई भने आफैं केही गरेर देखाउनु थियो । सुरुवात आफैंबाट गर्नुपर्छ भन्दै उनले काठमाडौंका फुटपाथ र गल्ली-गल्लीमा बेसारका प्याकेट, कपडा, चाउचाउ बिस्कुट बेच्न थाले । "मेरो कोठा भाडा र खाना खर्चका लागि मैले घरबाट माग्न नपरोस् भन्नका लागि होलसेलबाट सामाग्री खरिद गरेर फुटकरमा बेँच्थे, त्यहाँबाट मेरो खर्च चल्थ्यो", विगत सम्झँदै पन्त भन्छन् ।



> बुबा गाउँको मुखिया, आमा र दाइ नेपाल बैंकका जागिरे, तर जनकलाई भने आफैं केही गरेर देखाउनु थियो । शुरुवात आफैंबाट गर्नुपर्छ भन्दै उनले काठमाडौंका फुटपाथ र गल्ली-गल्लीमा बेसारका प्याकेट, कपडा, चाउचाउ बिस्कुट बेच्न थाले ।

### ■ क्यामेराम्यानदेखि मालिकसम्म

व्यापारमा पैसा त थियो तर, इज्जत थिएन । फुटपाथको व्यापारबाट गुजारा चलाइरहेका जनकको दैनिकी अब त्यत्तिमै सीमित रहेन । कमान्डर दैनिकमा उनले रिपोर्टरको काम पाए । त्यही क्रममा पन्तकै नेतृत्वमा नेपाल पर्यटन तथा सांस्कृतिक पत्रकार संघ गठन भयो । पन्त संस्थापक रहेको संघले पर्यटन र संस्कृतिका सवालमा काम गर्न थाल्यो । झन्डै दुई वर्ष कमान्डर दैनिकमा बिताएका पन्तले २०५८ मा भिडियो पत्रकारिता तालिम लिए । "सानामा देखेको सपना त आर्मी बन्ने थियो तर, प्रयास नै गरिन समयसँगै सपना फेरिँदो रहेछ, मैले जानेर बुझेर मिडिया रोजेको हैन, साथीहरूको हौसलाले गर्दा मिडियामा आएको थिएँ", मिडिया क्षेत्रमा प्रवेश गर्दाको अनुभव व्यक्त गर्दै पन्तले भनेका छन्, "त्यतिबेला मिडिया र मिडियामा काम गर्ने मान्छे निकै कम थिए । तालिमपछि मैले २०६१ मा स्टार मिडिया नेटवर्क प्रा.लि. दर्ता गरेर भिडियो कार्यक्रम र डकुमेन्ट्रीको काम गर्न थाले त्यहाँबाट आर्थिक कारोबार राम्रो हुन थाल्यो ।"

स्टार मिडिया नेटवर्कमार्फत इमेज टेलिभिजन र नेपाल टेलिभिजनका लागि कार्यक्रम उत्पादन गर्दै आएका पन्तलाई आफ्नै टेलिभिजन सञ्चालन गर्ने हुटहुटी जाग्यो । टेलिभिजन सञ्चालनका लागि क्रमिकरूपमै सामाग्रीहरूको जोहो गरिरहेका पन्तले २०६५ मा एनभेक्स माउन्टेन टेलिभिजन स्थापना गरे । "हामी टिममा काम गर्थ्यौं, म आफैं क्यामेरा मेनको रूपमा थिएँ, लामो समय कार्यक्रम उत्पादन गरेर प्रसारण गर्ने गरेका थियौं, प्रसारण बापतको खर्च टेलिभिजनहरूलाई दिएर पनि केही रकम बच्नेगर्थ्यौं", टेलिभिजन सुरु गर्दाको अनुभव पोख्दै पन्तले भने, "आफ्नै टेलिभिजनको आवश्यकता महसुस गरेर मैले माउन्टेन टिभी स्थापना गरें ।"

### ■ टिभी डुबेपछि....

वृत्तचित्र र टेलिभिजन कार्यक्रम उत्पादनमा लामो समय बिताएका पन्तका लागि टेलिभिजन सञ्चालन नौलो विषय थियो । एकल स्वामित्व टेलिभिजन सञ्चालन गरिरहेका पन्त क्रमिकरूपमा घाटामा गए । अर्थात् टेलिभिजनबाट उनले राम्रो आर्थिक कारोबार गर्न सकेनन् । "मैले कम्पनी चलाइरहेको थिएँ । ठूलो ब्रोडकाष्ट मिडिया चलाउने अनुभव नभएर होला सायद मैले सञ्चालन गरेको टिभी बर्सेनी घाटामा जान थालेपछि २०६८ असारमा मैले टिभी बेच्ने निर्णय गरे", उनले भने, "म अरूलाई दोष दिन्न । मसँग अनुभव भएन सायद क्षमता थिएन कि मसँग ? प्रश्न आफैलाई हो । मेरो व्यवस्थापन पक्ष नै कमजोर रह्यो त्यस कारण त्यो समयमा असफल देखिएँ ।"

टेलिभिजन बेचेपछि पन्त फेरी पुरानै दैनिकीमा फर्किए । लगत्तै अर्को टेलिभिजन सञ्चालन गर्ने तयारीका साथ कम्पनी दर्ता गरे । तर, लगत्तै टिभी भने सञ्चालन गरी हालेनन् । उनी पूर्णरूपमा अनुभव लिएर मात्रै टिभी सञ्चालन गर्ने रणनीतिमा थिए । त्यहीअनुसार क्रमिकरूपमा सामाग्री खरिदलगायतको आन्तरिक तयारीमा थिए । माउन्टेन टेलिभिजनबाट अनुभव लिएका उनले आफ्नै भवन बनाएर मात्रै टिभी सञ्चालन गर्ने निर्णय लिए । नयाँ टिभी सञ्चालनका लागि पन्तले पुर्ख्यौली सम्पत्ति (तराइमा भएको जग्गा) समेत बेचेका थिए ।

"कम्प्युटर, ज्यानेरेटर, क्यामेरालगायत टिभी सञ्चालनका सबै सामाग्री जुटाएँ । पेप्सीकोलामा आफ्नै पाँच तलाको भवन बनाएँ, किनकि भाडा घट्यो भने पनि टेलिभिजन सञ्चालन गर्न सहज हुन्छ भन्ने मलाई लागेको थियो, म सँग १५ जनाको कोर टिम थियो", पुनः टेलिभिजन सुरु गर्दाको अनुभव बताउँदै उनले भने, "२०७२ मा तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाबाट टिभी टुडे टेलिभिजनको उद्घाटन गरियो ।"

उनले दोस्रो प्रयासमा सञ्चालनमा ल्याएको टिभी टुडेको व्यवस्थापन पक्ष अहिले सक्षम छ । देशभरीमा १ सय २० जना कर्मचारीलाई रोजगारी दिएका छन् । "माउन्टेनको अनुभवले अहिले सफलता मिलेको छ, समस्याको समयमा पनि अहिले हाम्रो टेलिभिजनलाई त्यति असर गरेको छैन", उनले भने ।

पन्तको नेतृत्वमा टिभिवान टेलिभिजन, रेडियो टुडे, दृष्टि प्रोडक्सन र स्टार मिडियालगायतका आधा दर्जन बढी कम्पनी सञ्चालनमा छन् ।

"मिडिया फापेको हो, मलाई जति सोचेको थिएँ त्योभन्दा १० गुणा बढी सफलता पाएको छु । मेरो मुख्य पेशा नै मिडिया व्यवसाय हो, यहीँबाट मैले काठमाडौमा घरजग्गा जोडेको छु । एक सयभन्दा बढी कर्मचारीलाई रोजगारी दिएको छु, सुदूरपश्चिम पनि आफ्नै भवनबाट प्रदेश प्रसारण स्टेसन चलाइरहेको छु, सुदूरपश्चिमको माटोले मलाई धेरै दिएको छ अब सुदूरपश्चिमका लागि केही गर्ने हुटहुटी मभित्र छ", पन्तले भने ।




### ■ सञ्चारमा पिएचडी, स्कुलमा लगानी

पन्तले मिडिया व्यवसायसँगै अध्ययनलाई पनि निरन्तरता दिए । फलस्वरूप सफलता पनि पाए । अर्थात् प्रसारण पत्रकारिताबाट उनले पिएचडी गरेका छन् । मिडिया कर्मबाटै उनले नामका अघि डाक्टर लगाउने धोको पनि पूरा गरिरहेका छन् । "भारतको दिल्लीस्थित एसएसआर युनिभर्सिटीबाट चार वर्षको अवधिमा सञ्चारमा पिएचडी गर्न सफल भएँ म, आजका दिनसम्म मैले जति सफलता पाएको छु, त्यो सबै मिडिया व्यवसायबाटै हो, अब समाजसेवामा सक्रिय हुन्छु, सानो ठूलो सक्दो सहयोग त गर्दै आएको छु तर, अझ बढी समाजसेवामा केन्द्रित बन्ने मन छ", उनले भने । मिडियामा सफल व्यवसायीको छवि बनाएका पन्तले शिक्षा क्षेत्रमा पनि लगानी गरेका छन् । कञ्चनपुरको कृष्णपुर ७ कलुवापुरमा ८ कक्षासम्मको अध्ययन हुने दृष्टी पाठशाला सञ्चालनमा ल्याएका छन् । "शिक्षा र सञ्चार लगभग उस्तै क्षेत्र हुन्, दुवै सामाजिकरूपमा जोडिन्छन् । मैले गुणस्तरीय शिक्षा दिने संकल्पका साथ शिक्षा क्षेत्रमा पनि लगानी गरेको हुँ, आशा छ म त्यसमा पनि सफल हुन्छु, अहिलेको युग सुहाउँदो शिक्षा प्रदान र दक्ष जनशक्ति उत्पादन हाम्रो विद्यालयको मुख्य लक्ष्य हो", पन्तले भने ।

### ■ यात्राकी सहयात्री नविता, असल साथीको संज्ञा

सफलताको श्रेय डा. पन्त आफैं लिँदैनन् । हरेक आरोह अवरोहमा आड र साहस दिने धर्मपत्नी कुमारी नविता फुयाँललाई दिन्छन् । सिङ्गो टिमको साथ बिना उपलब्धि हासिल गर्न कठिन हुने बुझाई पन्तको छ । ११ कक्षामा अध्ययन गर्नेक्रममा पन्तले सहपाठी फुयाँललाई मन पराए । "पढ्ने क्रममा मैले उनलाई चिनेको हो । सानोठिमी भक्तपुरमा उनको घर थियो । आनीबानी हरेक कुराले उनले मेरो मन जितेकी थिइन् । मैले मनमनै मन पराएको थिएँ, उनले पनि मन पराएकी थिइन् । त्यसको केही समयमै मेरो मामु र दाइ बिहेको प्रस्ताव लिएर उनको घर जानुभयो । सकारात्मक वार्ताभएपछि हाम्रो सम्बन्ध बिहेका परिणत भयो", सम्बन्धको अनुभवबारे पन्त भन्छन् ।

पन्त र फुयाँल वैवाहिक सम्बन्धमा बाँधिँएको करिब तीन दशक पुग्दै छ । पन्त दम्पतीका दुई सन्तान छन् । छोरा साजनलाई कम्प्युटर इन्जिनियर बनाइसकेका छन् भने छोरी दृष्टी सिए अध्ययन गरिरहेकी छन् ।

> स्टार मिडिया नेटवर्कमार्फत टेलिभिजन कार्यक्रम उत्पादन गर्दै आएका पन्तलाई आफ्नै टेलिभिजन सञ्चालन गर्ने हुटहुटी जाग्यो । टेलिभिजन सञ्चालनका लागि क्रमिकरूपमै सामाग्रीहरूको जोहो गरिरहेका पन्तले २०६५ मा एनभेक्स माउन्टेन टेलिभिजन स्थापना गरे । तर एकल स्वामित्व टेलिभिजन सञ्चालन गरिरहेका पन्त क्रमिकरूपमा घाटामा गए । उनले स्थापनाको तीन वर्षमै टेलिभिजन बेचे । तर उनले हार मानेनन् । केही वर्षपछि फेरि नयाँ टेलिभिजन लिएर मिडिया कर्ममा फर्किए ।

"मेरो जीवनमा छोरीको आगमन भएको दिन म असाध्यै खुसी भएको थिएँ । मलाई छोरी असाध्यै मन पर्छ । छोरीकै नामबाट दृष्ट्री प्रोडक्सन हाउस र दृष्ट्री पाठशाला सञ्चालन गरिरहेको छु", उनले भने ।

भूल्नै नसक्ने क्षण सम्झिँदा पन्तका आँखा रसाए । "एकै वर्षको अवधिमै आमा र दाइले प्राण त्याग्नु भयो । आमालाई क्यान्सरले लग्यो दाइ लाई हर्टहट्याक भयो । त्यो बाहेक त्यो वर्ष अर्को पीडा पनि थपियो जुन शब्दमा व्यक्त गर्न सकिरहेको छैन । त्यो चोट मनमै छ", पन्तले भने ।

मिडिया व्यवसायकी सहकर्मी संज्ञा अधिकारीको योगदानको पनि उनी खुलेरै प्रशंसा गर्छन् । "अहिले यो सफलताका पछाडि संज्ञाजीको ठूलो हात छ, १७ वर्षदेखि उहाँ टिममा हुनुहुन्छ । उहाँको क्रियटिभ कार्यशैलीका कारण अथाह सफलता मिलेको छ । संज्ञाजीको साथ नभएको भए सायद यो स्थानमा पुग्न सक्दैन थिए होला", पन्तले भने ।

## कविता

### दु:ख लाग्ने



डा.सुमनुमार रेग्मी

यहाँ दु:ख लाग्ने नै छ ।
यहाँ दु:ख लाग्ने नै छ ॥

यहाँ दु:ख छ लाग्छ ।
जहिले पनि सुखीको चौतरियामा सुते जस्ता लाग्छ ॥
मेरो हातखुट्टा, जीउ पीडा भए लाग्छ ।
तर जीन्दगीलाई क्षमा दिए लाग्छ ॥

जीन्दगी पुस्तै पुस्तै लाग्छ जान्छ ।
तर नाम उनीहरूको लाग्छ ॥
नाम रहन्छ लाग्छ ।
यही नै यथार्थ जीन्दगी लाग्छ ॥

यहाँ दु:ख लाग्ने नै छ ।
यहाँ दु:ख लाग्ने नै छ ॥

## चार मुक्तक



गणेश लोहनी

१.
जसका लागि साम्यवादका ठेली पढ्यौं
जसका आश्रय र साथले अगाडि बढ्यौं
बिर्सियौं कृतघ्न धन प्रसाद सुन बहादुर
सत्ताको मातले दुर्गन्धित सिनो झैं सढ्यौं ॥

२.
कुनै पोकापन्तरामा नभेटियोस् सुन मेरो
मनको भित्रि मझेरीमा गुन्जिरहोस् धुन मेरो
समृद्धिको हस्तिनापुर हार्नलाई मञ्जुर छु
पिरतीको आकाशबाट नअस्ताओस् जून मेरो ॥

३.
आफ्नो त्यागेर अरुको आमूल सजाउन जानिएन
रोजियो मार्ग यथार्थको फजुल खेलाउन जानिएन
नक्कल गर्न चाहेको भए चढिन्थ्यो नि प्राडो पजेरो
झुक्याउने संस्कृति अप्रिलफूल मनाउन जानिएन ॥

४.
कस्तो दुस्साहस पराइको छाता ओड्छन् हिँड्छन्
सँगै जिउनेसँगै मर्ने बाचा कसम् तोड्छन् हिँड्छन्
मायाको डोरीभन्दा शारिरीक भोक बलियो हो कि
आमाहरू किन आफ्नै सन्तान् पनि छोड्छन् हिँड्छन् ?

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | सन्तान सुख प्राप्त हुनेछ । लेनदेनमा सावधानी राख्नुहोला । |
| वृष | : | लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहने समय छ । |
| मिथुन | : | सामाजिक सहयोग बढ्नेछ । अशान्तिमा वृद्धि हुनेछ । |
| कर्कट | : | दैनिक जीवन सुखी रहनेछ । साहसिक कार्य सफल हुनेछ । |
| सिंह | : | विरोधी सकिय रहनेछन् । धर्मपालनामा रूचि देखिन्छ । |
| कन्या | : | स्वास्थ्यसम्बन्धी सावधानी जरूरी छ । शत्रु सकिय हुनेछन् । |
| तुला | : | मांगलिक कार्य हुने योग छ । खर्चमाथि नियन्त्रण जरूरी छ । |
| वृश्चिक | : | प्रतिष्ठामा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |
| धनु | : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । अहंकार राख्नु हुँदैन । |
| मकर | : | अनावश्यक विवादमा परिने हुने योग छ । बाहिरी सहयोग प्राप्त हुनेछ । |
| कुम्भ | : | प्रियजनसँग भेटघाट हुनेछ । आकस्मिक लाभ हुने योग छ । |
| मीन | : | जोखिम लिनु हुँदैन । पारिवारिक जीवन सुखी रहनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

## कथा

# ममता



■ रूप नारायण तिम्सिना

रिना आमाको स्वास्थ्य दिनदिनै बिग्रँदै थियो त,र उनले छोरा बुहारीलाई सुनाएर चिन्ता बढाउन चाहिनन् । छोरा रमेश र बुहारी रश्मि दुवै सरकारी जागीरे थिए ।

प्रायः सधैं आमाले नै खाना तैयार गर्नुहुन्थ्यो दुवै छोरा बुहारी खाइपिइ आ-आफ्नो कार्यालयतिर जान्थे । समय व्यतीत हुँदै गयो । घर गाउँ बस्तीमा भएकोले गाउँलेहरूको आवागमन सदैव हुनेगर्थ्यो । एकदिन छिमेकी रविन काकाले रीना आमालाई आँगनमा बसेर आँसु पुछ्दै गरेको देखेर नजीकै गएर सोधे, "हैन ए रीना के भो तिमीलाई किन रोएकी ?"

रीना आमाले आँसु पुछ्दै भनिन्, "केही होइन काका ! आफ्नो भाग्य सम्झेर रून मन लाग्छ के गर्नु र ?" गुनासोपूर्ण शैलीमा काकालाई बस्न मुडा दिइन् । मुडामा बसेर रवीन काकाले फेरि प्रश्न तेर्स्याए, "हन किन रुनुपऱ्यो र ? छोरा बुहारी दुवै जागीरे छन् । धन सम्पत्ति टन्न घरमा आउँछ । खान लाउन दुःख छैन घरवार राम्रै चलेको छ होइन र ?" "सम्पत्तिले सुख हुँदो रहेनछ काका ! यो मनले त माया खोज्दो रहेछ, त्यो माया मबाट टाढा भागिसकेको छ । पतिको मृत्युपछि छोराको मुख हेरेर बाँचे । सुख होला भनेर छोराको विवाह पनि गरियो । तर, खै छोराले बुहारी पाएपछि त झन् मतलब नै राख्न छोडेको छ काका ! त्यस्तै के-के सोचाइ आउँदो रछ अनि मन थाम्न नसकेपछि आँसु झर्दो रहेछ नि काका ! अनि कतासम्म हिँड्नु भएको हो ? चिया पानी केही लिनुहुन्थ्यो कि ?"

रीना आमाका दुःख लाग्दा कुराले रवीन काकाको हृदय छोयो । उनले केही जवाफ दिन सकेनन् र भने, "होइन आमा मलाई केही खाऊँ छैन, म एकछिन पल्लो गाउँतिर लागेको, आफ्नो ख्याल राख्नु है, म गएँ", भन्दै जुरुक्क उठेर हिँडे ।

रीनाले बेलुकाको खाना तैयार पारेर छोरा बुहारी पर्खेर बसिन् । साँझ पनि टऱ्यो । सधैं उज्यालैमा आउने छोरा बुहारी आज साँझ टर्दासम्म पनि न आएपछि आमाले दैलो लगाएर ओछ्यानमै गएर ढल्किन् । रात धेरै बितेपछि उनीहरू आए । आमाले दैलो खोलिन् र भनिन्, "नानी हो ! लु हात गोडा धोएर आओ म खाना पस्किन्छु ल ।"

आमाका कुरा सुनेर छोरा रमेशले भन्यो, "आमा ! तपाईं खाएर सुत्नोस्, हामीले त बाहिरै खाएर आयौं ।"

आमाको मन चिसो भयो र अनुरोध गरिन्, "होइन छोरा आज तँलाई मन पर्ने खाना बनाएकी छु, अलिकति भए पनि खा न छोरा !" रमेश रिसाए झैं गर्दै, "भन्यो आमा हामीले खाना खाएर आयौं अब फेरि कसरी खानु ? तपाईं खाएर सुत्नोस् न भनेको !"

रीना आमाको मन चस्स पोल्यो केही बोलिनन् । छोरा बुहारी आफ्नो कक्षतिर लागे र दैलो बन्द गरे । आमाले विस्तारै भोजनालयमा गएर आफूले मेहनत गरेर बनाएका भोजनका परिकारहरू हेरिन् । केही खान मन परेन र त्यत्तिकै गएर आफ्नो ओछ्यानमा पल्टेर धेरै बेर के के सोचिरहिन् । भोलिपल्ट बिहान सधैं छिट्टै उठ्ने आमा आज किन उठ्दिनन् भनेर रमेश आमाको कक्षमा प्रवेश गर्छ यसो हेर्छ आमालाई सुतिरहेको देख्छ । सम्झिन्छ सायद गल्नु थाक्नु भएकोले होला भनेर उठाउन चाहेन । ऊ आमाको कक्षबाट फर्किन खोज्यो । अचानक उस्का आँखा नजिकैको टेबलमा रहेको कागजमा पुगे । हतार-हतार कागज उठाएर पढ्न थाल्यो । त्यस कागजको पन्नामा लेखिएको थियो, "छोरा रमेश ! आज तेरो जन्मदिन थियो, मैले बिहान त केही गर्न भन्न भ्याइन किनकी तिमीहरूलाई हतार थियो र बेलुकाको भोजनमा तँलाई मन पर्ने खाना बनाएकी थिएँ र तिमेरु आएपछि सँगै खाउँला भनेर मैले पनि नखाई पर्खेर बसेकी थिएँ । तर, तैंले खान मानिनस् र मलाई पनि खाउँ लागेन सायद हामी आमा छोराको बोलचाल पनि यतिनै होला । नानी ! मैले तँलाई एक साताअघि एउटा पर्ची दिएर भनेकी थिएँ, कुनै पसलमा पाइस् भने यो औषधि ल्याइदे ल भनेर त्यो पनि ल्याइनस् । अब त औषधिको पनि आवश्यकता पर्दैन होला । तँ खुशी रहनु आफ्नो स्वाथ्यको ख्याल राख्नु, समयमा खानु, समयमा घर आउनु ल छोरा !"

उसले पर्ची सम्झ्यो गोजी छाम्यो र पर्ची गोजिमै रहेछ । निकालेर हेऱ्यो । पर्चीमा लेखिएको थियो, "बाबू छोरा ! कतै तेरो याद न आउने औषधि पाइस भने लिएर आइज ल !" यो पर्ची पढेर उसले आमालाई उठाउन खोज्यो तर, आमा अब कहिल्यै नउठ्ने गरी सुतिसक्नु भएको थियो ।

# भारतमा मुद्रास्फितिको जोखिम कायमै, ब्याजदर यथास्थितिमा रहने

**काठमाडौं/एजेन्सी–** भारतमा मुद्रास्फीतिको जोखिम र बलियो आर्थिक वृद्धि दुवैको सम्भावना रहेको बताउँदै केन्द्रीय बैंकले शुक्रबार लगातार सातौं पटक ब्याज दरमा कुनै परिवर्तन गरेको छैन । भारतीय रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) ले आफ्नो महत्त्वपूर्ण 'पुनः खरिद् सम्झौता (रिपो रेट)' ६.५० प्रतिशत कायम रहने बताएको छ ।

विश्वका प्रमुख केन्द्रीय बैंकहरूले यस वर्ष ब्याजदर कटौतीको संकेत दिएका छन् । भारतमा मुद्रास्फिति घट्दो क्रममा छ, तर अझै पनि आरबीआईको चार प्रतिशतको लक्ष्यभन्दा माथि छ । सरकारले देशका विभिन्न भागमा गर्मी बढ्ने र यसले खाद्यान्नको मूल्य वृद्धि हुने चेतावनी समेत दिएको छ । बलियो आर्थिक वृद्धिले पनि दर कटौतीको तत्काल आवश्यकतालाई कम गरेको छ ।

उत्पादन क्षेत्रमा वृद्धि भएसँगै भारतको अर्थतन्त्र डिसेम्बरमा पूरा भएको त्रैमासिकमा ८.४ प्रतिशतको दरले वृद्धि भएको छ । यसले विश्लेषकहरूको सामान्य पूर्वानुमानलाई गलत सावित गरिदिएको छ ।

आरबीआईका गभर्नर शक्तिकान्त दासले भने, 'आगामी दिनमा बलियो वृद्धिको सम्भावनाले मुद्रास्फीतिमा ध्यान केन्द्रित गर्न र चार प्रतिशतको लक्ष्यमा मुद्रास्फीतिलाई कायम गर्न नीतिगत बल प्रदान गरेको छ । तर खाद्यान्नको मूल्यमा अनिश्चितताले चुनौती खडा गरिरहेको छ । त्यसैले मौद्रिक नीति सक्रिय रूपमा अवमूल्यनकारी भइरहनुपर्छ ।'

सन् २०२२ को मे देखि सन् २०२३ को फेब्रुअरीसम्म ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरिएको थियो । फेब्रुअरीमा भारतको खुद्रा मुद्रास्फीति जनवरीको तथ्यांकमा अपरिवर्तित रहँदै ५.०९ प्रतिशत कायम भएको थियो ।

खाद्य र इन्धन लागत समावेश नगरिने देशको 'आन्तरिक मुद्रास्फीति' चार प्रतिशतभन्दा कम रहेको छ । मार्च ३१ मा समाप्त भएको आर्थिक वर्षमा, विशेषज्ञहरूले भारतको वृद्धि दर ७.५ प्रतिशतदेखि आठ प्रतिशतको बीचमा रहेको अनुमान गरेका छन्, जुन सबै प्रमुख अर्थव्यवस्थाहरूमध्ये सबैभन्दा उच्च हो ।

फेब्रुअरीमा, भारतले अप्रिल १९ मा शुरु हुने राष्ट्रिय निर्वाचनअघि अन्तिम बजेटमा सस्तो लोकप्रियताका लागि हुने खर्चलाई बेवास्ता गरेको चालु आर्थिक वर्षका लागि अपेक्षा गरिएकोभन्दा कम वित्तीय घाटाको घोषणा गरेको थियो ।




## यूएई र कुवेतमा रोजगारको अवसर

१ कम्पनी: RESOURCES FOR EMPLOYMENT, शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९३८ LT. No.:303116

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३८,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 40 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 3. | Shuttering Carpenter | 30 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 4. | Steel Fixer | 30 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |

२ कम्पनी: AL-DARWAZA NATIONAL GENERAL TRADING & CONTRACTING CO, शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९३८ LT. No.:303116

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 4 | 0 | | 120 | ५१,९७८ | | | | | | | |
| 3. | Painter | 4 | 0 | | 120 | ५१,९७८ | | | | | | | |
| 4. | Plumber | 3 | 0 | | 120 | ५१,९७८ | | | | | | | |
| 5. | Shuttering Carpenter | 5 | 0 | | 120 | ५१,९७८ | | | | | | | |
| 6. | Steel Fitter | 4 | 0 | | 120 | ५१,९७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
(साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## साउदीमा रोजगार

कम्पनी: SAUDI CERAMIC COMPANY, शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९६४ LT. No.: 303166

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५४२७५६२, ५४५५९८०, ५४५०६४३, ५४५५१९४
Email- info@merocvs.com / info@luckyhrsolution.com

## साउदीमा रोजगार

कम्पनी: AL-TAIR AL-SHARQI COMPANY FOR OPERATION AND MAINTENANCE, शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८०/११/२३ चलानी नं.: ६०२१६०४६ LT. No.:301150 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

मादी ओभरसिज सर्भिसेस प्रा. लि.
Email: madi5125@gmail.com | Website: www.madioverseas.com

## यूएईमा रोजगार

कम्पनी: ELITE STAR GLOBAL FACILITIES MANAGEMENT SERVICES, शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/२२ चलानी नं.: ६०२१७९३७ LT. No.:303109

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 3. | Lighting Techinican | 2 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 4. | Mesenger | 4 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 5. | Office Clerk | 2 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 6. | Painter | 1 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 7. | Plasterer | 1 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |
| 8. | Plumber Assistant | 2 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

Manaslu International Services Pvt. Ltd.
GPO Box:21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.:9860612204, 9852059259, Fax:977-1-4490716, Govt. Lic. No.:151/056/57, Email:manaslunp@hotmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: M.S. AL SUWAIDI INDUSTRIAL SERVICES. CO. LTD, शहर: Jubail
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९८० L.T. No.: 302901

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Mold Maker | 5 | 0 | स. काममा दक्ष | 1600 | [illegible] | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ALNAZAFA ALMOTAKHASISA GENERAL CONTRACTING COMPANY ONE PERSON COMPANY, शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९७१ L.T. No.: 303172

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Facade Cleaner | 3 | 0 | स. काममा दक्ष | 1400 | ४९,७१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।

मदरल्याण्ड ओभरसिज प्रा. लि.
Opposite of Basundhara Chowki, Kathmandu, Nepal.
Phone: 496 1111, 436 5318.
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com
Website:www.motherlandoverseas.com

## JORDAN मा रोजगार

कम्पनी : OPTIONS FOR MANPOWER RECRUITMENTS, शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०८०/०९/११ चलानी नं.: ६०२१२१६३ LT. No.:296903 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 41 | सम्बन्धित काममा दक्ष | 300 | ३९,९६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ५३,२८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत २९ गते (11 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Gov. License No.: 225/058/059
CROWN OVERSEAS CONSULTANCY PVT. LTD.
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## साउदीमा रोजगार अवसर

कम्पनी: AL NAHDAT ALUWLAA CO. LTD., शहर: AL HASA
पूर्व स्वीकृत मिति: २०८०/१०/२३ चलानी नं.: ६०२१४४४८ L.T. No.:299470 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत नं. ११७/०५५/०५६
ईमास्को नेपाल प्रा. लि.
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917

## यूएईमा रोजगारको अवसर

कम्पनी: PATHIVARA JEWELLERY LLC, शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/०८ चलानी नं.: ६०२०८१८९ LT. No.: 292970 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sale Officer / Stall & Market Salesperson | 2 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gold Smith/Jewellery Maker | 3 | 0 | | 1400 | ५०,७९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MARYAM ABDULLAH BIN HUSSEIN AL-MOUSA GENERAL CONTRACTING EST, शहर: Al khobar
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९६५ LT. No.: 303155

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 19 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHOUATI SADDAREH ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE, शहर: riyadh
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९६६ LT. No.: 303156

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXTENDED ACCESS CONTRACTING COMPANY ONE PERSON COMPANY., शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९६७ LT. No.: 303157

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 6 | 0 | स. काममा दक्ष | 1800 | ६३,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

श्रम इजाजत नं. ५२३/०६१/०६२
कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१–४९८८८०८,४९७९४४४,४९७९५५५,४९७९६६६
फ्याक्स: ४३८१११७ मो. 9801001144/9810201278
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: WARBA READY MIX CONCRETE CO., कम्पनी: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१२/२३ चलानी नं.: ६०२१७९८१ LT. No.: 303144

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cage Man | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cage Operator / Heavy Driver | 5 | 0 | | 150 | ६४,९७३ | | | | | | | |
| 3. | Driver | 20 | 0 | | 150 | ६४,९७३ | | | | | | | |
| 4. | Labour | 30 | 0 | | 100 | ४३,३१५ | | | | | | | |
| 5. | Roller Driver (Rubber / Heavy Driver | 5 | 0 | | 150 | ६४,९७३ | | | | | | | |
| 6. | Roller Steel Operator / Heavy Driver | 5 | 0 | | 150 | ६४,९७३ | | | | | | | |
| 7. | Senior Asphalt Labour | 10 | 0 | | 100 | ४३,३१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,००० |

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## कतारमा वैदेशिक रोजगार

कम्पनी: BLACK ROSES HOSPITALITY & CLEANING SERVICE, शहर : Qatar, Doha
पूर्व स्वीकृत मिति: २०८०/०५/१२ चलानी नं.: ६०२०६९७५ LT. No.:291777 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward | 0 | 2 | स. काममा दक्ष | 2000 | ७३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १ गते (13 April 2024) मा हुनेछ ।

